महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General

Phone: 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल

# प्रेस विज्ञप्ति

## २०७७ असार ३१ गते

## महालेखापरीक्षकको ५७ औं वार्षिक प्रतिवेदन पेश

सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीज्यूसमक्ष माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा, दंगालले नेपालको संविधानको धारा २४१ अनुसार आर्थिक वर्ष २०७५।७६ को लेखापरीक्षण सम्पन्न गरी धारा २९४(१) बमोजिम महालेखापरीक्षकको ५७ औं वार्षिक प्रतिवेदन, २०७७ एक कार्यक्रमका बीच पेश गर्नुभयो ।

सो अवसरमा सम्माननीय राष्ट्रपतिज्यूले करिब ५ हजार ६ सय कार्यालयको लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन पेश गरेकोमा धन्यवाद व्यक्त गर्दै सार्वजनिक स्रोत साधनको दक्षतापूर्वक उपयोग गर्ने, स्रोतसाधनको चुहावटमा नियन्त्रण गर्ने, सार्वजनिक क्रियाकलाप र सरोकारका विषयमा सुशासन र पारदर्शिता अभिवृद्धि गर्ने, सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्ने, पूर्वाधार निर्माण तथा सेवा प्रवाहमा अपेक्षित नतिजा प्राप्त गर्ने लगायतका विषयमा महालेखापरीक्षकको प्रतिवेदनले महत्वपूर्ण योगदान पुऱ्याउने कुरामा जोड दिनुभएको थियो ।

उक्त कार्यक्रममा सम्माननीय राष्ट्रपतिज्यूले मुलुकमा संघीय प्रणालीको कार्यान्वयनलाई दिगो बनाउन करदाताले तिरेको राजस्वको उचित सदुपयोग गर्दै संघ, प्रदेश र स्थानीय तह समेतका सबै सार्वजनिक निकायहरुले अनुत्पादक र फजुल खर्च नियन्त्रण गरी आर्थिक मितव्ययिता कायम गर्नुपर्ने तथा प्रतिवेदनमा उल्लेखित व्यहोरा कार्यान्वयन गरेमा मुलुकमा समग्र वित्तीय अनुशासन कायम भई “समृद्ध नेपाल, सुखी नेपाली” को राष्ट्रिय संकल्प पूरा गर्न मद्दत पुग्ने विश्वास व्यक्त गर्नुभयो ।

कार्यक्रममा सम्माननीय राष्ट्रपतिज्यू समक्ष प्रतिवेदनमा औंल्याइएका मुख्य व्यहोराहरुबारे माननीय महालेखापरीक्षकज्यूले अवगत गराउनु भएको थियो । त्यसक्रममा उहाँले लेखापरीक्षण र प्रतिवेदन तयार गर्न अवलम्बन गरिएको विधिको उल्लेख गर्दै प्रतिवेदनले मुख्यतः बजेट तर्जुमा तथा कार्यान्वयन, आर्थिक कारोबारको लेखांकन, आयोजना व्यवस्थापन, सार्वजनिक खरिद व्यवस्थापन, सेवा प्रवाह, अनुदान, लगानी तथा त्यसबाट प्राप्त प्रतिफल लगायतका विषयमा संघ, प्रदेश तथा स्थानीय तहबाट भएका काम

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
Phone: 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल

कारबाहीको मूल्यांकन परीक्षण गरी देखिएका व्यहोराको आधारमा प्रतिवेदन तयार गरिएको धारणा व्यक्त गर्नुभएको थियो ।

नेपालको संविधानको धारा २९४(३) बमोजिम प्रदेशको काम कारबाही सम्बन्धमा ७ वटै प्रदेशको अलग अलग प्रतिवेदन तयार गरी सम्बन्धित प्रदेश प्रमुख समक्ष टेलिफोन र भिडियो कन्फ्रेन्स मार्फत् पेश गरी सूचना प्रविधिको माध्यमबाट विद्युतीय प्रति उपलब्ध गराईएको थियो । सो अवसरमा माननीय प्रदेश प्रमुखहरुसँग माननीय महालेखापरीक्षकले टेलिफोन तथा भिडियो संवाद गरी प्रतिवेदनका प्रमुख व्यहोराहरु अवगत गराउनु भएको थियो । माननीय प्रदेश प्रमुखहरुले प्रतिवेदनमा उल्लेखित व्यहोरा कार्यान्वयनका लागि सम्बन्धित निकायमा उपलब्ध गराउने प्रतिबद्धता जनाउनु भएको छ ।

त्यसैगरी यस वर्ष ७५३ स्थानीय तह मध्ये ७४३ को लेखापरीक्षण भई १० स्थानीय तहको लेखापरीक्षण बक्यौता रहेको छ । गत वर्ष ६ स्थानीय तहको लेखापरीक्षण बक्यौता रहेकोमा ४ स्थानीय तहको बक्यौता लेखापरीक्षण समेत सम्पन्न गरिएको छ । यस वर्ष र गत वर्ष समेत गरी स्थानीय तह ७४७ को लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम सम्बन्धित स्थानीय तहमा छुट्टाछुट्टै लेखापरीक्षण प्रतिवेदनहरु जारी गरिएका छन् ।

महालेखापरीक्षकको ५७ औं वार्षिक प्रतिवेदनमा समावेश ६ परिच्छेद अन्तर्गत लेखापरीक्षण गरिएका निकायको विवरण, लेखापरीक्षणबाट देखिएको बेरुजू स्थिति, लेखापरीक्षणबाट देखिएका समान व्यहोरा, लेखापरीक्षण प्रतिवेदनको कार्यान्वयन स्थिति भविष्यमा गर्नुपर्ने सुधार र कार्यालय गतिविधिलाई समावेश गरिएको छ । त्यसैगरी सार्वजनिक निकायबाट भएका काम कारबाहीको बारेमा सरोकारवालालाई सुसूचित गराउन वार्षिक प्रतिवेदनका सारभूत विषयहरु समावेश गरी वार्षिक प्रतिवेदनको सारांश समेत तयार पारिएको छ ।

महालेखापरीक्षकको ५७ औं वार्षिक प्रतिवेदन, सोको सारांश र प्रदेश लेखापरीक्षण प्रतिवेदनहरु कार्यालयको वेभसाइट www.oagnep.gov.np बाट प्राप्त गर्न सकिनेछ ।

महेश्वर काफ्ले
प्रवक्ता/नायव महालेखापरीक्षक

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General

Phone: 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल

## सम्माननीय राष्ट्रपतिज्यू समक्ष माननीय महालेखापरीक्षकज्यूबाट २०७७।०३।३१ मा पेश भएको महालेखापरीक्षकको ५७ औं वार्षिक प्रतिवेदनका प्रमुख व्यहोराहरु

१. **लेखापरीक्षण** - कार्यालयबाट यो वर्ष ५ हजार ६१९ निकायको रु.५१ खर्ब ७१ अर्ब ६४ करोडको लेखापरीक्षण सम्पन्न गरिएको छ। लेखापरीक्षण सम्पन्न गरिएको निकाय र विषयगत अवस्था निम्नानुसार छः

**(रकम रु. लाखमा)**

| लेखापरीक्षण गरिएका निकाय र विषय | संख्या | रकम | बेरुजू | बेरुजू प्रतिशत |
|---|---|---|---|---|
| (क) वित्तीय लेखापरीक्षण | | | | |
| १. संघीय मन्त्रालय तथा निकाय | ३११० | १७४२८६७१ | ७०६९५८ | ४.०५ |
| २. जिल्ला समन्वय समिति | ७७ | १३१६८४ | ३६४९ | २.७७ |
| ३. प्रदेश मन्त्रालय तथा निकाय | ९९८ | १८९२५४३ | ८१९८४ | ४.३३ |
| ४. स्थानीय तह | ७४७ | ७४०६५४९ | ३८१२७९ | ५.१५ |
| ५. समिति र अन्य संस्था | ५७७ | १३०६२८० | १५६०८९ | ११.९५ |
| ६. संगठित संस्था | ९३ | २३५५०७७१ | -* | - |
| (ख) कार्यमूलक, सूचना प्रविधि र विशेष लेखापरीक्षण | १७ | - | - | - |
| **जम्मा** | **५६१९** | **५१७१६४९८** | **१३२९९५९** | |

***द्रष्टव्यः*** ** संगठित संस्थाहरुको लेखापरीक्षणबाट देखिएको बेरुजूको लगत राख्ने एवं सम्परीक्षण कार्य सम्बन्धित निकायबाट हुने भएकोले उल्लिखित अङ्कमा समावेश छैन।*

१.१ सोको अतिरिक्त ३० संस्थाको लेखापरीक्षणको लागि परामर्श प्रदान गरिएको लेखापरीक्षकबाट रु.९ खर्ब ५० अर्ब ८५ करोडको लेखापरीक्षण गराइएको छ। सोसमेत यो वर्षको कुल लेखापरीक्षण रकम रु.६१ खर्ब २२ अर्ब ४९ करोड रहेको छ।

२. **यस बर्षको बेरुजू वर्गीकरण–** यस वर्षको बेरुजू वर्गीकरण अङ्क निम्नानुसार रहेको छः

(रु. लाखमा)

| वर्गीकरण | सरकारी कार्यालय (जिल्ला समन्वय समिति समेत) | प्रदेश सरकारी कार्यालय | स्थानीय तह | समिति/अन्य संस्था (प्रदेश समेत) | जम्मा | कुल बेरुजूको प्रतिशत |
|---|---|---|---|---|---|---|
| **१. असुल गर्नुपर्ने** | **१७४०६८** | **३८०२** | **५२५८७** | **१२८२७** | **२४३२८४** | **१८.२९** |
| **२. नियमित गर्नुपर्ने** | **२०३९०५** | **३८७७५** | **२४८११३** | **१३०९२०** | **६२१७१३** | **४६.७५** |
| • अनियमित भएको | ३७६३७ | १२१७८ | ९८२४२ | २४९७३ | १७३०३० | १३.०१ |
| • प्रमाण कागजात पेस नभएको | १६४७९८ | २६५९७ | १४९४६० | १०५५९७ | ४४६४५२ | ३३.५७ |
| • जिम्मेवारी नसारेको | ० | ० | २९८ | ३३८ | ६३६ | ०.०५ |
| • शोधभर्ना नलिएको | १४७० | ० | ११३ | १२ | १५९५ | ०.१२ |
| **३. पेस्की** | **३३२६३४** | **३९४०७** | **८०५७९** | **१२३४२** | **४६४९६२** | **३४.९६** |
| • कर्मचारी पेस्की | ७६० | १६९९ | १५४०५ | ४८० | १८३४४ | १.३८ |
| • मोबिलाइजेसन पेस्की | १८०८२० | ३३२५१ | ० | ० | २१४०७१ | १६.१० |
| • प्रतीतपत्र पेस्की | १०५७६१ | ४९९ | ० | ० | १०६२६० | ७.९९ |

Phone: 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल

| | | | | | | |
|---|---|---|---|---|---|---|
| • अन्य पेस्की | ४५२९३ | ३९५८ | ६५१७४ | ११८६२ | १२६२८७ | ९.५० |
| **जम्मा बेरुजू** | **७१०६०७** | **८१९८४** | **३८१२७९** | **१५६०८९** | **१३२९९५९** | **१००.००** |

***द्रष्टव्यः*** *संगठित संस्थाहरुको बेरुजूको लगत राख्ने एवं सम्परीक्षण कार्य सम्बन्धित निकायबाट हुने भएकोले उल्लिखित अङ्कमा समावेश छैन ।*

३. **बढी बेरुजू हुने निकाय -** संघीय सरकार, प्रदेश सरकार र स्थानीय तहतर्फ बढी बेरुजू देखिएको निकाय निम्नानुसार छन्:

३.१ संघीय सरकारी कार्यालयतर्फ यो वर्ष रकमगत आधारमा बढी बेरुजू हुने मन्त्रालय निम्नानुसार छन्:

(रु. लाखमा)

| क.सं. | मन्त्रालय | लेखापरीक्षण अङ्क | बेरुजू अङ्क | | | | कुल बेरुजूको प्रतिशत | ले.प.अङ्कको तुलनामा बेरुजू प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| | | | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | पेस्की बाँकी | जम्मा | | |
| १. | अर्थ | १०५११०५९ | १२४४८८ | ६४८९५ | १२८५ | १९०६६८ | २६.८३ | १.८१ |
| २. | भौतिक पूर्वाधार तथा यातायात | ११७८८८६ | १०५८६ | २०८८५ | ११५५०१ | १४६९७२ | २०.६८ | १२.४७ |
| ३. | रक्षा | ७०२९३७ | ४ | ३४ | ९०९९२ | ९१०३० | १२.८१ | १२.९५ |
| ४. | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ९४१६४५ | २६४ | ५७१० | ४३०५२ | ४९०२६ | ६.९० | ५.२१ |
| ५. | खानेपानी | १७७७६८ | १०८१३ | २१६२७ | १०३८७ | ४२८२७ | ६.०३ | २४.०९ |
| ६. | शहरी विकास | २८२५०९ | १५५५ | ८०९९ | २३७८८ | ३३४४२ | ४.७१ | ११.८४ |
| ७. | शिक्षा, विज्ञान तथा प्रविधि | ३०१७४२ | ९४ | २९००० | ४३७ | २९५३१ | ४.१६ | ९.७९ |
| ८. | भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण | ४१५४५१ | २३७४ | २३६७० | ३५४ | २६३९८ | ३.७१ | ६.३५ |
| ९. | ऊर्जा, जलस्रोत तथा सिँचाइ | ६४५१९४ | २१७६ | ८५२५ | १०७३४ | २१४३५ | ३.०२ | ३.३२ |
| १०. | सञ्चार तथा सूचना प्रविधि | १७७७७३ | १२९०१ | ४९३ | ४२४ | १३८१८ | १.९४ | ७.७७ |
| ११. | अन्य | २०९३७०७ | ८८१३ | २०९६७ | ३५६८० | ६५४६० | ९.२१ | ३.१३ |
| | **जम्मा** | **१७४२८६७१** | **१७४०६८** | **२०३९०५** | **३३२६३४** | **७१०६०७** | **१००.००** | **४.०८** |

उल्लिखित दश मन्त्रालयमा संघीय सरकारी कार्यालयतर्फको कुल बेरुजूको ९०.७९ प्रतिशत रहेको छ ।

३.२ प्रदेश सरकारतर्फ लेखापरीक्षण अङ्कको तुलनामा ४.३३ प्रतिशत बेरुजू कायम भएकोमा सबैभन्दा घटी बागमती प्रदेशको २.५० प्रतिशत र सबैभन्दा बढी प्रदेश नं. २ को ७.०९ प्रतिशत रहेको छ । स्थानीय तहतर्फ लेखापरीक्षण अङ्कको तुलनामा ५.१५ बेरुजू कायम भएकोमा सबैभन्दा घटी झापाको मेचीनगर नगरपालिकाको ०.०३ प्रतिशत र बढी महोत्तरीको सम्सी गाउँपालिका ४०.४८ प्रतिशत रहेको छ ।

३.३ यो वर्ष ३ हजार ११० संघीय सरकारी कार्यालयको लेखापरीक्षण गरिएकोमा १ हजार ७४३ कार्यालय (५६.२१ प्रतिशत) मा लगती बेरुजू देखिएन । प्रदेश सरकारी कार्यालयतर्फ ९९८ को लेखापरीक्षण गरेकोमा ३४८ कार्यालय (३४.८७ प्रतिशत) लगती बेरुजु देखिएन ।

३.४ यो वर्ष २ हजार ७५१ संघीय सरकारी कार्यालय, प्रदेश र स्थानीय तह एवं जिल्ला समन्वय समितिको ७३ हजार ३१० दफा बेरुजू देखिएकोमा ४३ हजार १४५ दफा सैद्धान्तिक र ३० हजार १६५ दफा लगति बेरुजू कायम भएको छ ।

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General

Phone: 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल

४. **अद्यावधिक बेरुजू** - संघीय सरकारी कार्यालय, प्रदेश सरकारी कार्यालय, स्थानीय तह, जिल्ला समन्वय समिति, अन्य समिति र संस्थातर्फ लेखापरीक्षणबाट औंल्याइएको अद्यावधिक बेरुजू रु.४ खर्व १८ अर्व ३२ करोड रहेको छ। गत वर्ष भन्दा बेरुजू १०.८२ प्रतिशतले बढेको छ।

(रु. लाखमा)

| क्र.सं. | विवरण | गत वर्षसम्म | यस वर्ष थप/ घट | अद्यावधिक बेरुजू | | |
|---|---|---|---|---|---|---|
| | | | | पेस्की | अन्य | जम्मा |
| १ | संघीय सरकारी कार्यालय | २८६००१२ | -१२४२२१ | १००९१७२ | १७२६६१९ | २७३५७९१ |
| २ | प्रदेश सरकारी कार्यालय | १९५१ | ८१९७५ | ४०४८३ | ४३४४३ | ८३९२६ |
| ३ | स्थानीय तह | ३५९९२५ | ३३८१८४ | ८०५७९ | ६१७५३० | ६९८१०९ |
| ४ | अन्य संस्था र समिति (प्रदेश समेत) | ५५२८७७ | ११२४७० | ० | ६६६४२४ | ६६५३४७ |
| | **जम्मा** | **३७७४७६५** | **४०८४०८** | **११३०२३४** | **३०५४०१६** | **४१८३१७३** |

५. **कारबाही टुङ्गो लगाउनुपर्ने रकम-** संघीय तथा प्रदेश सरकारी कार्यालय, स्थानीय तह, जिल्ला समन्वय समिति, अन्य समिति र संस्थातर्फको बेरुजूका अतिरिक्त लेखापरीक्षण बक्यौता, राजस्व बक्यौता, शोधभर्ना लिनुपर्ने वैदेशिक अनुदान तथा ऋण रकमका सम्बन्धमा समयमा नै कारबाही गरी टुङ्गो लगाउनुपर्ने अद्यावधिक रकम रु.२ खर्व ४६ अर्ब १२ करोड रहेको छ। उक्त रकम गतवर्ष भन्दा १९.६२ प्रतिशत घटेको छ।

(रु.लाखमा)

| क्र.सं. | विवरण | गतवर्षसम्म | यसवर्ष थप। घट | अद्यावधिक |
|---|---|---|---|---|
| १ | लेखापरीक्षण बक्यौता | ३४०२१ | १३३९१ | ४७४१२ |
| २ | राजस्व बक्यौता | २५२१३०१ | -५४२८९० | १९७८४११ |
| ३ | शोधभर्ना लिन बाँकी वैदेशिक अनुदान | २०७६२६ | -५८४५८ | १४९१६८ |
| ४ | शोधभर्ना लिन बाँकी वैदेशिक ऋण | २७८३६० | -१२६७१ | २६५६८९ |
| ५ | जमानत बसी दिएको ऋणको भाखा नाघेको साँवा ब्याज | २०५०० | ० | २०५०० |
| | **जम्मा** | **३०६१८०८** | **-६००६२८** | **२४६११८०** |

उक्त रकममा अद्यावधिक बेरुजू रु.४ खर्व १८ अर्व ३२ करोड थप गर्दा कारबाही गरी टुङ्गो लगाउनुपर्ने अद्यावधिक रकम रु.६ खर्व ६४ अर्व ४४ करोड पुगेको छ। गतवर्ष यस्तो रकम रु.६ खर्ब ८३ अर्ब ६६ करोड रहेको थियो। गत वर्षको तुलनामा कारबाही गरी टुङ्गो लगाउनुपर्ने रकम २.८१ प्रतिशतले घटेको छ। कारबाही गरी टुङगो लगाउनुपर्ने रकम घट्नुमा बेरुजू फछ्र्यौट भएको तदारुकता, दातृसंस्था तथा निकायबाट सोधभर्ना प्राप्त हुनु, अदालतको फैसलाबमोजिम कर निर्धारणमा समायोजन गरेको र सार्वजनिक संस्थानबाट भाखा नाघेको ब्याज तथा साँवा रकम बढी असुली हुनु रहेको छ। फलस्वरुप राजस्व बक्यौता र सोधभर्ना लिनुपर्ने रकममा रु.६० अर्ब कम हुन गई कारबाही टुङ्गो लगाउनुपर्ने रकम घटेको छ।

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General

Phone: 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल

६. **लेखापरीक्षणको प्रभाव**- घटी राजस्व असुल गरेको, कोषमा मौज्दात निष्क्रिय राखेको, बढी भुक्तानी गरेको र प्रचलित कानुनको पालना नगरी खर्च गरेको व्यहोरा असुलउपर गर्न लेखापरीक्षणले औंल्याएपश्चात् असुल भई यो वर्ष राज्यकोषमा रु.७ अर्ब ४७ करोड ८० लाख दाखिला भएको छ ।

७. **बेरुजू फछ्र्यौट** -यो वर्ष बेरुजू फर्स्यौट तथा सम्परीक्षणको स्थिति देहाय बमोजिम छः

(रु.लाखमा)

| निकाय/विवरण | संघीय सरकारी कार्यालय (जिसस समेत) | संगठित संस्था, समित, अन्य संस्था | प्रदेश सरकारी कार्यालय | स्थानीय तह | जम्मा |
|---|---|---|---|---|---|
| **विगतको बेरुजू** | **२८६००१३** | **५५२८७७** | **१९५१** | **३५९९२४** | **३७७४७६५** |
| समायोजनाबाट थप (घट) | ० | -३०० | ० | -३५९ | -६५९ |
| फछ्यौंट तथा सम्परीक्षण | ८३४८२९ | ४३३१८ | ९ | ४२७३५ | **९२०८९१** |
| **बाँकी** | **२०२५१८४** | **५०९२५८** | **१९४२** | **३१६८३०** | **२८५३२१४** |
| चालु वर्षको लेखापरीक्षण बेरुजू | ७१०६०७ | १५६०८९ | ८१९८४ | ३८१२७९ | **१३२९९५९** |
| **अद्यावधिक बाँकी बेरुजू** | **२७३५७९१** | **६६५३४७** | **८३९२६** | **६९८१०९** | **४१८३१७३** |

मन्त्रिपरिषद्को २०६९।६।११ को निर्णयानुसार २०५९।६० सम्मको बेरुजू लगत कुमारीचोक तथा केन्द्रीय तहसिल कार्यालयमा हस्तान्तरण भएकोमध्ये रु.८ करोड ५४ लाख फर्स्यौट भएको छ ।

८. लेखापरीक्षण बक्यौता - यस सम्बन्धमा देखिएको प्रमुख व्यहोरा देहायअनुसार छन्:

८.१ संघीय सरकारी कार्यालयतर्फ गत वर्षसम्म २ हजार ९०० इकाईको रु. ३ खर्ब ४० करोड २१ लाख लेखापरीक्षण बक्यौता रहेकोमा यो वर्ष कुनैपनि निकायले लेखापरीक्षण गराएका छैनन् । यो वर्ष परराष्ट्र र शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको रु. २८ करोड ७ लाख थप भई रु. ३ अर्ब ६८ करोड २८ लाख बाँकी रहेको छ । सार्वजनिक लेखा समितिले बक्यौताको लेखा पेस गरी लेखापरीक्षण गराउन निर्देशन दिए पनि लेखापरीक्षण गराएको छैन ।

८.२ गत वर्षसम्म ७ संगठित संस्थाको ३३ आर्थिक वर्षको लेखापरीक्षण बक्यौता रहेकोमा यो वर्ष ११ संस्थाको १४ आर्थिक वर्षको बाँकी रहेको छ ।

८.३ यस वर्ष सिरहाको भगवानपुर र नवराजपुर गाउँपालिका, धनुषाको जनकपुर उपमहानगरपालिका, सर्लाहीको बलरा र कविलासी नगरपालिका तथा वसबरिया गाउँपालिका, रौतहटको फतुना विजयपुर नगरपालिका र पर्साको ठोरी र जिराभवानी गाउँपालिका, रामेछापको लिखु तामाकोशी गाउँपालिका समेत १० स्थानीय तहले लेखापरीक्षण गराएका छैनन् ।

९. **प्रदेश सरकार र स्थानीय तहको बेरुजू** - यस सम्बन्धी स्थिति निम्नानुसार रहेको छः

९.१ प्रदेश सरकार मातहतका सरकारी ९९८ कार्यालय, अन्य संस्था र समिति समेत १ हजार ८० निकायतर्फको २०७५।७६ को लेखापरीक्षण रकम र बेरुजू अङ्क निम्नानुसार रहेको छः

(रु. लाखमा)

| प्रदेश न.. | लेखापरीक्षण गरिएको | लेखापरीक्षण | पेस्की समेत | लेखापरीक्षण रकमको | पेस्की बाहेक |
|---|---|---|---|---|---|

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General

Phone: 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल

| | कार्यालय संख्या | रकम | बेरुजू रकम | तुलनामा बेरुजू प्रतिशत | बेरुजू प्रतिशत |
|---|---|---|---|---|---|
| १ | २०० | ३४६६४९ | १६७३९ | ४.८२ | २.२१ |
| २ | १२६ | २५७३१४ | १८२५४ | ७.०९ | ४.९४ |
| बागमती | १९१ | ३९४७५४ | ९८७३ | २.५० | १.२९ |
| गण्डकी | १४९ | २३८९२७ | १६४४७ | ६.८८ | ४.७० |
| ५ | १५३ | ३०२८३८ | ९४६८ | ३.१३ | २.०६ |
| कर्णाली | १३४ | १९००४९ | ५१७० | २.७२ | १.५१ |
| सुदूरपश्चिम | १२७ | २२८२४९ | ८८२९ | ३.८७ | २.१६ |
| **जम्मा** | **१०८०** | **१९५८७८०** | **८४७८०** | **४.३३** | **२.०४** |

९.२ प्रदेश सरकार मातहत सरकारी कार्यालय, अन्य संस्था र समितितर्फको गत वर्षसम्मको बाँकी बेरुजू रु.१९ करोड ५१ लाख रहेकोमा सम्परीक्षणबाट रु.९ लाख फर्स्यौट भएको र यो वर्ष रु.८ अर्ब ४७ करोड ८० लाख थप भई अद्यावधिक बेरुजू रु.८ अर्ब ६७ करोड २२ लाख रहेको छ। सो रकममा रु.४ अर्ब १० करोड ७४ लाख पेस्की रहेको छ। यससम्बन्धी प्रदेशगत विवरण देहायबमोजिम छः

(रु. लाखमा)

| प्रदेश नं. | गत वर्षको बाँकी | सम्परीक्षणबाट फर्स्यौट | बाँकी बेरुजू | यो वर्षको थप बेरुजू | दोस्रो प्रतिवेदनसम्मको बाँकी | बेरुजू बाँकी मध्ये पेस्की |
|---|---|---|---|---|---|---|
| १ | २२३ | २ | २२१ | १६७३९ | १६९६० | ९०४४ |
| २ | १६४६ | ० | १६४६ | १८२५४ | १९९०० | ६५९८ |
| बागमती | १० | ० | १० | ९८७३ | ९८८३ | ४७६६ |
| गण्डकी | ५ | ४ | १ | १६४४७ | १६४४८ | ११२४४ |
| ५ | ५ | ० | ५ | ९४६८ | ९४७३ | ३२२८ |
| कर्णाली | २ | ० | २ | ५१७० | ५१७२ | २२९३ |
| सुदूरपश्चिम | ६० | ३ | ५७ | ८८२९ | ८८८६ | ३९०१ |
| **जम्मा** | **१९५१** | **९** | **१९४२** | **८४७८०** | **८६७२२** | **४१०७४** |

९.३ **लेखापरीक्षण रकम र बेरुजू** - स्थानीय तहको लेखापरीक्षण रकम र बेरुजू अङ्कको प्रदेशगत विवरण निम्नानुसार रहेको छ :

| प्रदेश नं. | लेखापरीक्षण गरिएको स्थानीय तह संख्या | लेखापरीक्षणा रकम | पेस्की समेत बेरुजू रकम | ले.प. को तुलनामा बेरुजू प्रतिशत | पेस्की बाहेक बेरुजू प्रतिशत |
|---|---|---|---|---|---|
| १ | १३७ | १३६००९३ | ४९००७ | ३.६० | ३.०२ |
| २ | १२७ | ११३९८६५ | १०५८४२ | ९.२९ | ६.८८ |
| बागमती | ११८ | १५६३३५६ | ७४६२७ | ४.७७ | ३.८१ |
| गण्डकी | ८५ | ८०६४५८ | २८३९८ | ३.५२ | २.७६ |
| ५ | १०९ | ११७५९०६ | ५०४५६ | ४.२९ | ३.५० |

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General

Phone: 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल

| प्रदेश नं. | लेखापरीक्षण गरिएको स्थानीय तह संख्या | लेखापरीक्षणा रकम | पेस्की समेत बेरुजू रकम | ले.प. को तुलनामा बेरुजू प्रतिशत | पेस्की बाहेक बेरुजू प्रतिशत |
|---|---|---|---|---|---|
| कर्णाली | ७९ | ५६४८२० | ३००१७ | ५.३१ | ४.२० |
| सुदूरपश्चिम | ८८ | ७७१८०३ | ३६४७० | ४.७३ | ३.७६ |
| **जम्मा** | **७४३** | **७३८२३०१** | **३७४८१७** | **५.०८** | **३.९९** |

९.४ महानगरपालिकाहरुको लेखापरीक्षण रकम र बेरुजू अङ्कको विवरण निम्नानुसार छः

(रु. लाखमा)

| सि.नं. | महानगरपालिका | लेखापरीक्षण रकम | यो वर्ष बेरुजू | हालसम्मको बाँकी बेरुजू | यो वर्षको बेरुजू प्रतिशत |
|---|---|---|---|---|---|
| १ | काठमाडौं | १५२०३२ | १४३९४ | २८७३९ | ९.४७ |
| २ | पोखरा | ८९१८२ | ६२४७ | १२६५८ | ७.०० |
| ३ | भरतपुर | ६६९८४ | २२४५ | ९७०६ | ३.३५ |
| ४ | वीरगंज | ७००३७ | ६९५८ | १३७३० | ९.९३ |
| ५ | विराटनगर | ७३९४९ | १४७४ | ७१५५ | १.९९ |
| ६ | ललितपुर | ६२८९५ | ८८२५ | १५३६२ | १४.०३ |
| | जम्मा | **५१५०७९** | **४०१४३** | **८७३५०** | **७.७९** |

९.५ उपमहानगरपालिकाहरुको लेखापरीक्षण रकम र बेरुजू अङ्कको विवरण निम्नानुसार छः

(रु. लाखमा)

| सि.नं. | उपमहानगरपालिका | लेखापरीक्षण रकम | यो वर्ष बेरुजू | हालसम्मको बाँकी बेरुजू | यो वर्षको बेरुजू प्रतिशत |
|---|---|---|---|---|---|
| १ | धरान | ३४६६८ | ४१० | १६९० | १.१८ |
| २ | इटहरी | २६८६९ | ४९३ | ३८६३ | १.८४ |
| ३ | कलैया | २१८६९ | ६३१ | १७८६ | २.८९ |
| ४ | जीतपुरसिमरा | २१६१७ | ६८५ | १८१७ | ३.१७ |
| ५ | हेटौडा | ३५३९८ | १०४९ | १४३९ | २.९६ |
| ६ | बुटवल | २९५३३ | ९१६ | ११४९ | ३.१० |
| ७ | घोराही | ३०६४३ | १४६३ | २५९५ | ४.७७ |
| ८ | तुलसीपुर | २७०५७ | २०९० | २७११ | ७.७२ |
| ९ | नेपालगञ्ज | ५२४५७ | १३८० | ४८३४ | २.६३ |
| १० | धनगढी | ३२४६३ | १५४४ | १९८३ | ४.७६ |
| | **जम्मा** | **३१२५७४** | **१०६६१** | **२३८६७** | **३.४१** |

जनकपुर उपमहानगरपालिकाले लेखापरीक्षण नगराएकोले तालिकामा समावेश गरिएको छैन ।

९.६ यो वर्ष लेखापरीक्षण गरिएका २७३ नगरपालिकाको लेखापरीक्षण रकम र बेरुजू अङ्कको प्रदेशगत विवरण निम्नानुसार रहेको छः

(रु. लाखमा)

Phone: 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल

| प्रदेश नं. | नगरपालिका संख्या | लेखापरीक्षण रकम | बेरुजू रकम | बेरुजू प्रतिशत | पेस्की बाहेक बेरुजू प्रतिशत |
|---|---|---|---|---|---|
| १ | ४६ | ६०५१३८ | २३५२१ | ३.८९ | ३.३१ |
| २ | ७० | ७१७८८७ | ६६७३२ | ९.३० | ६.७१ |
| बागमती | ४१ | ६६५१९६ | २५६७१ | ३.८६ | ३.०२ |
| गण्डकी | २६ | ३३२६६४ | १००६४ | ३.०३ | २.३३ |
| ५ | ३२ | ४५१५६० | १८३६९ | ४.०७ | ३.२४ |
| कर्णाली | २५ | २४१६६२ | १३०१५ | ५.३९ | ४.३९ |
| सुदूरपश्चिम | ३३ | ३७२९१८ | १६५७० | ४.४४ | ३.४४ |
| **जम्मा** | **२७३** | **३३८७०२५** | **१७३९४२** | **५.१४** | **३.९६** |

९.७ गाउँपालिकाहरुको लेखापरीक्षण रकम र बेरुजू अङ्कको प्रदेशगत विवरण निम्नानुसार रहेको छ:

(रु. लाखमा)

| प्रदेश नं. | गाउँपालिका संख्या | लेखापरीक्षण रकम | बेरुजू रकम | बेरुजू प्रतिशत | पेस्की बाहेक बेरुजू प्रतिशत |
|---|---|---|---|---|---|
| १ | ८८ | ६१९४७० | २३१०८ | ३.७३ | ३.१५ |
| २ | ५४ | ३०८४५५ | ३०८३६ | १०.०१ | ८.१० |
| बागमती | ७३ | ५८०८५० | २२४४४ | ३.८६ | ३.३८ |
| गण्डकी | ५८ | ३८४६११ | १२०८८ | ३.१४ | २.७४ |
| ५ | ७३ | ५८४६५७ | २६२३९ | ४.४९ | ३.७५ |
| कर्णाली | ५४ | ३२३१५८ | १७००३ | ५.२६ | ४.०६ |
| सुदूरपश्चिम | ५४ | ३६६४२१ | १८३५६ | ५.०१ | ४.२२ |
| **जम्मा** | ४५४ | ३१६७६२२ | १५००७४ | ४.७४ | ३.९५ |

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General

Phone: 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General

Phone: 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल

# महालेखापरीक्षकको दृष्टिमा सार्वजनिक जवाफदेहिता

## बजेट अनुशासन

- कानुनले तोकेभन्दा बढी रकमान्तर गरेको,
- वैदेशिक सहायता करिब एक चौथाई अंश बजेटमा समावेश नगरेका, लेखापरीक्षण नगराएको, वैदेशिक सहायताको न्यून उपयोग भएको,
- सोधभर्ना लिनु पर्ने रकम बढि रहेको,
- वर्षान्तमा खर्च गर्ने प्रबृत्तिमा सुधार नभएको,
- चालु खर्चको बृद्धि नियन्त्रण गर्न नसकेको एवं पुँजीगत खर्च अपेक्षित रुपमा बृद्धि नभएको, आर्थिक सहायता वितरणको वस्तुनिष्ठ आधार नभएको,
- गैरसरकारी संस्थामार्फत वैदेशिक सहायता परिचालन गरेको र जवाफदेहिता र पारदर्शिताको अभाव देखिएको,
- राष्ट्रिय अनुदान नीति नभएको एवं अनुदान उपयोगको अनुगमन कमजोररहेको ।

## ठेक्का व्यवस्थापन

- समयमा काम सम्पन्न नहुने, मनासिब आधारबेगर म्याद थप गर्ने,
- पूर्वनिर्धारित क्षतिपूर्ति असुल नगर्ने,
- क्षमताभन्दा बढी काम दिई अधुरो राखेको,
- भेरिएशनको औचित्य पुष्ट्याई नहुने, नपाउने मूल्यवृद्धि भुक्तानी दिएको,
- कमजोर सुपरीवेक्षण, निर्माण र खरिद कार्यको गुणस्तरमा पर्याप्त ध्यान नदिने ।

## सेवा प्रवाह व्यवस्थापन

- दरबन्दी अनुसार पदपूर्ति नभएको, टोकन प्रणालीको अभाव, मध्यस्थमार्फत सेवा लिनु परेकोले सेवा प्रवाहमा असर परेको,
- विद्युतीय माध्यमबाट सेवा प्रवाह गर्न नसकेको,
- उपकरण र जनशक्तिको कमीले स्वास्थ्य सेवा प्रवाहमा असर परेको,
- लाभान्वित वर्गको पहिचान प्रणाली प्रभावकारी नभएको,
- सेवाको नियमन, अनुगमन सन्तोषजनक नभएको,
- सामाजिक सुरक्षा कार्यक्रमलाई एकीकृत र प्रभावकारी बनाउन नसकेको,
- वायु लगायतको वातावरण प्रदूषणबाट जनस्वास्थ्यमा असर परेको,
- सार्वजनिक सुनुवाई, गुनासो व्यवस्थापन र अनुगमन प्रभावकारी नभएको ।

## सावंजनिक खरिद व्यवस्थापन

- डिजाइन/लागत अनुमान यथार्थपरक नरहेको,
- लागत अनुमान टुक्रयाई सोझै खरिद गरेको,
- ठेक्का व्यवस्थापनभन्दा पहिले बातावरणीय अध्ययन, जग्गा प्राप्ती एवं साईट क्लेरेन्स लगायतका पूर्व तयारीका कार्य नगरेको,
- निर्माण क्षमता विश्लेषण नभएको
- व्यवसायिकता र स्वस्थ्य प्रतिस्पर्धाको कमी, पूर्णरुपमा बिद्युतिय खरिदप्रणालीको प्रयोग नभएको,
- ठेक्का बन्दोबस्तमा ढिलाई भएको,
- उपभोक्ता समितिबाट जटिल तथा प्राविधिक काम गराएको,
- खरिदका नबीनतम बिधिको प्रयोग नगरेको ।

## राजस्व प्रशासन

- कराधार संरक्षण एवं दायरा विस्तारमा पर्याप्त ध्यान नपुगेको,
- कर परिपालना कमजोर रहेको, करदाताले यथार्थ कारोबार नदेखाएको,
- उद्योगहरुको उत्पादनको जर्ति सम्बन्धी भरपर्दो मापदण्ड निर्धारण नभएको,
- विवरण पेस नगर्ने करदाता र मूल्यअभिवृद्धि कर क्रेडिट रकम उच्च रहेको,
- फरक भन्सार दरबन्दी प्रयोगले महसुल कम उठने गरेको,
- भन्सार तथा बजारमा न्यून बीजकीकरणको समस्या यथावत रहेको,
- राजस्व बक्यौतामा निरन्तर बृद्धि एवं बक्यौता हिसाब अभिलेख व्यवस्थित नभएको,
- कर प्रशासनको अनुगमन र कर परीक्षणको गुणस्तर कमजोर रहेको,
- विद्युतिय कारोबारलाई करको दायरामा नल्याएको,
- सुचना प्रविधि प्रणालीबाट बित्तिय बिवरणहरु तयार हुने नगरेको ।
- अन्तर निकाय सुचना आदनप्रदान कमजोर रहेको ।

## आन्तरिक नियन्त्रण, जिम्मेवारी र जवाफदेहिता

- आन्तरिक नियन्त्रण प्रणाली र आन्तरिक लेखापरीक्षण प्रभावकारी नभएको,
- लेखापरीक्षण र बेरुजू फछ्र्यौट नगराउँदा कारबाही नहुँदा जिम्मेवारी र जवाफदेहिता कमजोर हुन पुगेको,
- कार्यसम्पादन सम्झौताको कार्यान्वयन प्रभावकारी नभएको,
- तीन तहका सरकार बीच वित्तीय हस्तान्तरणबाट आम्दानी र खर्चमा हुनसक्ने दोहोरोपन हटाउने व्यवस्थाको अभाव रहेको,
- नेपाल वित्तीय प्रतिवेदन मान पुर्णरुपमा कार्यान्वयन नभएको,
- कम्प्युटरमा आधारित लेखाप्रणाली लागू भइनसकेको,
- उद्देश्यअनुरुप कोष सञ्चालन नभई ठूलो रकम मौज्दात रहेको,
- अनुगमन र नियमन गर्ने संस्थाहरु धेरै र समन्वयको अभावरहेको,
- समयमै लेखापरीक्षण नगराउनाले वित्तीय जवाफवदेहिता कमजोर रहेको ।

## प्रदेश सरकार व्यवस्थापन

- दिगो विकास लक्ष्य र आवधिक योजना मध्यकालिन खर्च संरचना अनुरुप कार्यक्रम तर्जुमा नगरेको,
- प्रदेशकानुनको संघीय कानुनसंग सामाञ्जस्यता नभएको,
- कार्यक्रममा दोहोरोपना रहेको,
- योजना तर्जुमा र कार्यान्वयनमा समन्वय नभएको,
- अनुदानलाई बढावा दिएको तर अनुगमन कमजोर रहेको,
- राजस्व परिचालनमा प्राथमिकता नदिएको,
- चैमासिकरुपमा स्थानियतहको समेत आय-व्ययको प्रतिवेदन संघमा नपठाएको,
- प्रदेश तथा स्थानीय तहका पदाधिकारीको सुविधामा एकरुपता नभएको ।

## स्थानीय तह व्यवस्थापन

- बजेट संघीय अनुदानमा निर्भर रहेको, अनुत्पादक तथा वितरणमुखी कार्यक्रम, कार्यक्रमको दिगोपनामा समस्या रहेको,
- संचितकोषको हिसाब तयार नगरेको,
- बजेट अनुशासन पालना नगरेको, अबण्डा बजेट राखी खर्च गरेको,
- जनशक्ति, क्षमता तथा कानुन/निर्देशिकाको अभाव रहेको,
- दिगो बिकास लक्ष्यको आन्तरिकीकरण नभएको, योजना तर्जुमा र कार्यान्वयन कमजोर रहेको,
- स्थानीयले प्रदेशमा चौमासिक आय-व्ययको प्रतिवेदन पेस नगरेको,
- लेखापरीक्षण बेरुजू फछ्र्यौटमा स्वार्थ बाझिने ब्यबहार रहेको,

## आयोजना व्यवस्थापन

- पूर्व तयारी बेगरका आयोजनाहरु बजेटमा समाबेश गरेको,
- समष्टिगत/क्षेत्रगत लक्ष्य अनुसार आयोजनाको प्राथमिकीकरण नगरेको,
- राष्ट्रिय गौरवका आयोजानहरु एवं अन्य आयोजनाहरुको कार्यान्वयनमा जटिलता रहेको, सम्पन्न आयोजनाको समयमा मर्मत सम्भार नहुने गरेको,
- कार्यान्वयन पक्ष कमजोर भएको अधिकांश आयोजनाहरु समयमै सपन्न नभई अधुरो रहने एवं समय र लागतमा बृद्धि हुने गरेको,
- आयोजना सञ्चालनमा अन्तर निकाय समन्वयको अभाव रहेको,

## संस्थान सञ्चालन

- सञ्चालक र कर्मचारीमा व्यावसायिकताको कमीले लगानीमा न्युन प्रतिफल,